जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २२ २०७८ साल साउन २८ गते बिहीबार (12 Aug. 2021 Thursday) मूल्य रु. ५/-

अधिक वर्षाको समयमा पानीजन्य प्रकोपको जोखिमबाट बचौं

- बाढी पस्न सक्ने तथा डुबानमा पर्न सक्ने स्थानहरुमा पूर्व सूचना प्रणालीको व्यवस्था गरौं ।
- डुबान हुने क्षेत्रहरुमा पानीको बहाव निकास हुने प्रणाली (नाली, पाईप) चालु अवस्थामा राखौं ।
- बाढी तथा पानीको बहाव बढेको जानकारी दिन साईरन जडान, एस. एम. एस., सामाजिक सञ्जाल तथा आमसञ्चार माध्यमलाई तयारी अवस्थामा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : चुनौती स्वीकार्दै आएको छु, ... ३ पृष्ठमा : टेलिफोन र इन्टरनेट सेवा३ पृष्ठमा : अफगानिस्तानका प्रमुख शहर...

## ससुराले भारतीय ज्वाईलाई नागरिकता बनाउन खोज्दा तीन जना कारागार चलान

**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

किर्ते कागजात बनाई राजबिराज नगरपालिका १५ निवासी देवन यादवले आफ्ना भारतीय ज्वाईलाई नागरिकता बनाउन खोज्दा उनीसँगै ज्वाई र किर्ते कागजात बनाउन सहयोग गर्ने एक व्यक्तिसहित तीन जना पूर्पक्षका लागि कारागार चलान भएका छन् ।

स्थानिय संजिव कुमार यादवसँग मिलोमतो गरी राजबिराज वडा अध्यक्षको हस्ताक्षर, वडा कार्यालयको छाप, लेटर प्याड समेत किर्ते खडा गरी किर्ते कागजातको सहायताले नेपाली नागरिकता बनाउन खोज्दा




ससुरा देवन यादव, किर्ते कागजात तयार गर्ने संजिव कुमार यादव, ज्वाई भारतिय नागरिक शिवनन्दन यादव कारागार चलान भएका हुन् ।

यस्तै सो कार्यमा सहयोग गर्ने स्थानिय सुरेश कुमार यादव पनि पक्राउ परेका थिए । उनले भने सफाई पाएका छन् ।

देवन यादव र उनका ज्वाई शिवनन्दन यादवलाई गत असार ३१ गते जिल्ला प्रशासन कार्यालय सप्तरीको प्राङ्गणबाटै पक्राउ गरिएको थियो । वडा अध्यक्ष रामप्रसाद यादवको किर्ते हस्ताक्षरसहितको सिफारिस र अनुसूची फारमहरु बोकेर बिहीबार जिल्ला प्रशासन कार्यालय पुगेका बेला उनीहरु पक्राउ परेका थिए ।

नागरिकता लिन आउने व्यक्ति र सिफारिस पत्रमा गरिएको वडा अध्यक्षको हस्ताक्षर शंकास्पद भेटिएपछि वडा अध्यक्ष रामप्रसाद यादवलाई पनि झिकाइएको तर, वडा अध्यक्षले आफ्नो दस्तखत नभएको बताएपछि दुबैलाई नियन्त्रणमा लिएर थप अनुसन्धान थालिएको थियो ।

## प्रजिअ आचार्यले शारीरिक रुपमा अशक्त भएका व्यक्तिलाई घरमै पुगेर दिए नागरिकता



**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

शारीरिक रुपमा अशक्त रहेका एक व्यक्तिलाई सप्तरीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले बुधबार घरमै पुगेर नागरिकता प्रदान गरेका छन् ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका ४ का १९ वर्षिय प्रल्हाद मण्डललाई प्रजिअ आचार्यले घरमै पुगेर नागरिकताको प्रमाणपत्र प्रदान गरेका हुन् ।

शारीरिक रूपमा पूर्ण अशक्त रहेकाले उनी हिंड्न समेत नसक्ने व्यक्ति भएको जानकारी पाएपछि प्रजिअ आचार्य उनको घरमै गएर नागरिकता प्रदान गरेका हुन् ।


## सेनाको गाडीको ठक्करबाट पिकअप चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**


पूर्वपश्चिम राजमार्ग अन्तरतगत सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिका १ भारदह कंकालिनि मन्दिर नजिकै बुधबार सेनाको गाडीको ठक्करबाट पिकअप चालकको घटनास्थलमै मृत्यु भएको छ ।

पुर्वबाट पश्चिम तर्फ आउदै गरेको १८ नं. बाहिनि गाईघाट

बाँकी तीन पृष्ठमा




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

## सम्पादकीय

### ईट ढुङ्गाले नापतौल कायमै

आधुनिकिक युगसँगै नाप तौलमा पनि आधुनिक नापतौलका उपकरणहरु बजारमा प्रसस्त देख्न पाइन्छ। यस्ता आधुनिक उपकरणले नै अहिले बजारमा पसललेहरु नापतौल गर्ने गरेका छन्। तर, सप्तरी सदरमुकाम राजविराजस्थित हटिया बजारमा अहिले पनि ईटढुंगाले नापतौल गर्ने गरिन्छ। विभिन्न विद्युतिय उपकरणहरु उपलब्ध हुँदा समेत सप्तरीका विभिन्न पसल तथा तरकारी विक्रेताहरुले अझै ईंट, ढुँगाकै ढक बनाएर नापतौल गर्ने गरेको पाइन्छ।

यस्ता किसिमले नापतौल हुँदा समेत उपभोक्ता मञ्च, व्यापार संघ, जिल्ला प्रशासन, नापतौल बिभाग लगायतका निकायहरुको ध्यान अझै आकृष्ट हुन सकेको छैन्। ढुँगाको ढकले सामानहरुको नापतौल हुँदा उपभोक्ताहरु ठगिदै आएका छन्। ढुँगाले बनाइएको ढक सही हो या होइन् यसको जाँच समेत हुन सकेको छैन्। खासगरी तरकारी, माछा, मासु सहितका बिभिन्न दैनिक उपभोग्य सामग्रीहरु धेरै ठाउँमा अहिले पनि ढुँगाकै ढकले नापतौल हुँदै आएको छ।

ग्रामिण भेगमा यस्तो किसिमको प्रथा यथावत नै रहेपन सदरमुकाम राजविराजका पनि धेरै ठाउँमा सही ढकको प्रयोग हुन सकिरहेको छैन्। बदलिंदो परिवेशसँगै उपभोक्ताहरु धेरै व्यस्त हुने गरेका कारण यसप्रति ध्यान जान नसकेको हुन्छ। सबैलाई हतारमा सामग्री चाहिने भएका कारण उपभोक्ताहरु जुन ढकले नापतौल गरेर दिएपनि लिएर गइरहेको अवस्था छ। तसर्थ यसप्रति सम्बन्धीत निकायहरुको अबिलम्ब ध्यान जानु जरुरी छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# चुनौती स्वीकार्दै आएको छु, निराश बनाउँदिन : घिसिङ

काठमाडौं, २७ साउन (रासस)। नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले चुनौतीलाई स्वीकार गर्दै सरकारले दिएको जिम्मेवारीलाई पूर्ण रूपमा आत्मसाथ गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

अघिल्लो कार्यकालमा लोडसेडिङको अन्त्य, घाटाका गएको संस्थालाई नाफामा लगेर नयाँ अध्याय शुरु गरेको तथ्य पेश गर्दै घिसिङले भन्नुभयो, "यस पटक त्यतिबेलाको भन्दा ठूला र विशाल चुनौती छन्। त्यसलाई स्वीकार गरेर आएको छु। मेरो एक्लो प्रयासले मात्रै केही हुँदैन। हामी सबै मिलेर काम गरौं। देश, जनता र राष्ट्रका अपेक्षा पूरा गर्न सकिन्छ।"

आफूले प्राधिकरण छाडेर गएपछि शुरु भएका सकारात्मक कामलाई अगाडि बढाउने र गलत काम भएका छन् भने त्यसलाई सुधार गरेर अगाडि बढ्ने उहाँले आफ्नो कार्ययोजना रहेको सुनाउनुभयो। अघिल्लो पटक भन्दा यसपटक जनताको अपेक्षा बढेको, ऊर्जाको क्षेत्रमा धेरै नयाँ काम गर्नुपर्ने दायित्व थपिएको भन्दै कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "मेरो व्यक्तिगत जीवनकै लागि यो सबैभन्दा ठूलो चुनौती हो। नयाँ जोशका साथ काम गरौं, काँधमा काँध मिलाएर अगाडि बढौं, विगतका भन्दा ठूला सफलता पाउन सकिन्छ।"

आम जनताको चाहना, प्राधिकरणको आवश्यकता र सरकारको योजनाका कारण आफूले प्राधिकरणमा दोस्रो पटक जिम्मेवारी पाएको भन्दै उहाँले यसकार्यमा सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो। तत्कालीन नेपाली कांग्रेस र नेकपा(माओवादी केन्द्र)को गठबन्धन सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड' नेतृत्वको सरकारले २०७३ भदौ ३० गते घिसिङलाई कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो। चार वर्षे कार्यकाल पूरा गरेर २०७७ भदौ २८ गते उहाँले अवकाश पाउनुभएको थियो।

आम जनताले प्राधिकरणका पुनः घिसिङ आउनुपर्ने चर्को माग गरेपनि तत्कालीन केपी ओली नेतृत्वको सरकारले उहाँलाई जिम्मेवारी दिएन। मन्त्रिपरिषद्मा पुगेको पुनः नियुक्तिको प्रस्तावसमेत अस्वीकृत भएको तत्कालीन ऊर्जा मन्त्री वर्षमान पुनले सार्वजनिक रूपमा नै बताउनुभएको थियो।

**गठबन्धनको संयोग**

संयोग यतिबेला पनि त्यस्तै जुरेको छ। तत्कालीन गठबन्धन सरकार जस्तै, यतिबेला पनि कांग्रेस, माओवादी केन्द्रलगायतका दलहरूको संयुक्त सरकारले घिसिङलाई पुनः नियुक्ति गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले घिसिङलाई चार वर्षका लागि कार्यकारी निर्देशकमा नियुक्त गरेको हो।

उहाँलाई बुधबार मात्रै ऊर्जामन्त्री पम्फा भुसालको उपस्थितिमा सचिव देवेन्द्र कार्कीले नियुक्तिपत्र दिनुभएको हो। प्राधिकरणका कार्यकारी निर्देशक रहनुभएका हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा विशिष्ठ श्रेणी बराबरको सुविधा उपलब्ध गराउने गरी पूर्णकालीन सदस्यका रूपमा नियुक्त गरिएको छ।

नवनियुक्त कार्यकारी निर्देशक घिसिङले शाक्य र आफ्नो नियुक्ति फरक-फरक ठाउँमा एकैपटक भएको जानकारी दिँदै उहाँको (शाक्य)को विज्ञतालाई सरकारले ऊर्जा क्षेत्रको विकासमा प्रयोग गर्न लागेको अर्थमा बुझेको बताउनुभयो।

उहाँले जनताको अपेक्षालाई आफूले निराश नबनाउने भन्दै सबै मिलेर अगाडि बढे प्राधिकरणलाई सरकारका विभिन्न संस्थामध्येको नमूना बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो। उहाँले राजनीतिक नेतृत्व, कर्मचारी प्रशासनसँग समन्वय गरेर काम गर्न आफूलाई झनै सहज रहेको भन्दै देशको ऊर्जा क्षेत्रमा देखिने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

**निर्माणाधीन आयोजना सम्पन्न गर्ने अठोट**

प्राधिकरणमा आयोजित पदबहाली समारोहलाई सम्बोधन गर्दै उहाँले निर्माणमा रहेका आयोजनालाई शीघ्र सम्पन्न गराउनेतर्फ आफ्नो विशेष पहल रहने उल्लेख गर्नुभयो। प्राधिकरण आफैको आयोजना नभए पनि सहायक कम्पनीमार्फत अगाडि बढाइएका आयोजना लामो समयसम्म अगाडि बढ्न नसक्दा लागत र समय दुवै बढेको छ। चिलिमे जलविद्युत् कम्पनीका सहायक कम्पनीले अगाडि बढाएका आयोजनालाई आगामी एक वर्षभित्र पूरा गर्ने गरी काम गर्ने उहाँको भनाइ छ।

रसुवागढी, माथिल्लो साञ्जेन, तल्लो साञ्जेन र मध्य भोटेकोशी जस्ता आयोजना चिलिमेका सहायक कम्पनीमार्फत अगाडि बढेका छन्। यस्तै, राहुघाट, माथिल्लो त्रिशूली थ्री बी जस्ता आयोजना समेत समयमै सम्पन्न गराउनेतर्फ आफू लाग्ने कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

यस्तै अन्य केही ठूला आयोजनाको काम शुरु गर्ने गरी आवश्यक तयारी भइरहेकोसमेत उहाँले जानकारी दिनुभयो। माथिल्लो अरुण, दूधकोशी, तामाकोशी पाँचौं र चैनपुर सेतीको वित्तीय व्यवस्थापन गरेर सकेसम्म स्वदेशी लगानीमा नै अगाडि बढाउने योजनासमेत उहाँले सुनाउनुभयो।

माथिल्लो तामाकोशी सञ्चालनमा आउँदा त्यसले वार्षिक रूपमा झण्डै रु २० अर्ब बराबरको आम्दानी गर्ने भएकाले ठूला आयोजना अगाडि बढाउन स्रोतको कुनै अभाव नहुने उहाँले उल्लेख गर्नुभयो। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायतका संस्थाबाट ऋण लिएर भए पनि आयोजना स्वदेशी लगानीमा नै निर्माण गर्न सकिने उहाँको भनाइ छ।

**वितरण प्रणालीमा सुधार र गुणस्तरीय बिजुली**

वितरण प्रणालीको सुधार तथा औद्योगिक क्षेत्रमा बिजुली खपत बढाउने योजनाका साथ आफूले काम गर्ने उहाँको प्रष्टोक्ति छ। यस्तै, बिजुली नपुगेका नागरिकको घरमा बिजुली पुऱ्याउनका लागि सबैका साथ र सहयोग जरुरी रहेको उहाँको भनाइ छ। हाल ९२ प्रतिशत घरधुरीमा बिजुली पुगेको तथ्याङ्क उहाँले पेश गर्नुभयो।

बाँकी रहेको स्थानमा पनि एकाध वर्षभित्र बिजुली पुऱ्याउने, तराईका क्षेत्रमा सिँचाइ सुविधा विस्तारका लागि प्रणालीको स्थापाना गर्ने आफ्नो योजना रहेको कार्यकारी निर्देशक घिसिङको भनाइ छ। यस्तै, गुणस्तरीय बिजुली उपभोग गर्न पाउने नागरिकको अधिकारलाई सकेसम्म सम्बोधन गर्ने उहाँले स्पष्ट पार्नुभयो।

देशभित्रै नै बिजुली खपत गर्ने योजनाका साथ काम गर्ने र बढी भएको बिजुली मात्रै भारत तथा बङ्गलादेशको बजारमा पठाउन सकिने उहाँको भनाइ छ। यस्तै, दोस्रो अन्तरदेशीय प्रसारण लाइनको रूपमा रहेको न्यू बुटवल गोरखपुर प्रसारण लाइनको काम समेत छिट्टै शुरु हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

निजी क्षेत्रलाई अर्धजलाशयुक्त प्रकृतिका आयोजनामा अगाडि बढ्न आफूले सुझाव दिएको भन्दै त्यस्ता आयोजनाले मात्रै राष्ट्रिय आवश्यकताको सम्बोधन गर्ने उहाँको भनाइ छ। काठमाडौं उपत्यकामा भइरहेको बिजुलीको तार भूमिगत गर्ने काम प्रभावकारी हुन नसकेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो।

शहरको सौंदर्य बढाउने तथा तार र पोलरहित बनाउने उद्देश्यका साथ शुरु गरिएको कार्यक्रम प्रभावकारी बन्न नसकेको भन्दै उहाँले बुधबारै निर्माण व्यवसायीलाई बोलाएर छलफल गर्ने जानकारी दिनुभयो। प्राधिकरणले प्रवाह गर्ने सेवामा कुनै पनि कमजोरी हुन नहुने भन्दै उहाँले राम्रो गर्नेलाई पुरस्कार र गलत गर्नेलाई दण्डको व्यवस्थासमेत कडाइका साथ लागू गर्ने घोषणा गर्नुभयो।

गलत गर्नेलाई कुनै पनि हालतमा छुट नदिने र कुनै पनि प्रकारको सम्झौता नगरिने उहाँको दृढता छ। प्राधिकरणलाई अझै सबल संस्था बनाउन सकिने विश्वास व्यक्त गर्दै उहाँले सबै मिलेर काम गरेको खण्डमा सुविधासमेत क्रमशः वृद्धि हुँदै जाने स्पष्ट पार्नुभयो। उहाँले आफूलाई कार्यकारी निर्देशकका रूपमा पुनः नियुक्ति दिने नेपाल सरकार, ऊर्जा मन्त्रालय र नेपाली जनतालाई धन्यवाद दिँदै सकारात्मक कामका लागि सबैको साथ र सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा प्राधिकरणको आधिकारिक ट्रेड युनियनका संयोजक रामेश्वर पौडेलले प्राधिकरणलाई सक्षम संस्था बनाउन कार्यकारी निर्देशकसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# किशोरी हत्या आशंकामा तीन पक्राउ

उदयपुर, २७ साउन (रासस)। त्रियुगा नगरपालिका-६ मोहनपुरकी १६ वर्षीया किशोरी कृशला चौधरीको हत्यामा संलग्न रहेको आशङ्कामा जिल्ला प्रहरी कार्यालय उदयपुरले तीन जनालाई पक्राउ गरेको छ। यही साउन १३ गतेदेखि बेपत्ता भएकी कृशलाको १९ गते मोहनपुरको राजदेवी सामुदायिक वनमा विभत्स अवस्थामा शव फेला परेको प्रहरीले बताएको छ।

कृशलाको हत्या रहस्यमय रहेको र अनुसन्धान निकै जटिल भएका कारण अहिले प्रहरीले विभिन्न कोणबाट कडाइका साथ अनुसन्धान सुरु गरेको छ। कृशला हत्यामा संलग्न भएको आशङ्कामा प्रहरीले तीन जनालाई पक्राउ गरेर अनुसन्धान सुरु गरेको प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

कृशलाका बुवा प्रेम चौधरीका अनुसार छोरी १३ गते जङ्गलमा घाँसदाउरा गर्न गएकी र सोही समयदेखि अचानक हराएकी थिइन्। खोजी गर्ने क्रममा साउन १९ गते स्थानीय राजदेवी सामुदायिक वनमा उनको विभत्स अवस्थामा शव फेला परेको हो। जङ्गलमा घाँसदाउरा गर्न गएका बेला केही समूहले जबर्जस्ती करणी गरेर उनको विभत्स ढङ्गले हत्या गरेको हुनसक्ने मोहनपुरका स्थानीयवासी खगेन्द्र कटुवाल बताउनुहुन्छ।

प्रहरीका अनुसार कृशलाको शवको यौनाङ्ग क्षतविक्षत भएर डढेको, शरीरका धेरै भाग डढेर कालो भएको, दाँत भाँचिएको चिन्न नसक्ने अवस्थामा भेटिएको थियो। हत्याका विषयमा अहिले प्रहरीले गम्भीर ढङ्गबाट अनुसन्धान सुरु गरेका कारण केही समयभित्रै सत्यतथ्य बाहिर ल्याउन लागेको उदयपुर प्रहरीले बताएको छ।

अहिलेसम्म अनुसन्धानका क्रममा तीन जनालाई पक्राउ गरिएको र आवश्यकतानुसार अन्य सबैको अनुसन्धान हुँदै जाने पनि प्रहरीले बताएको छ। कृशलाको हत्या विषयमा तथ्य कुरा र हत्यारा पत्ता लगाउन शव र शरीरका अन्य भागको समेत फोरेन्सिक परीक्षणका लागि स्वास्थ्य प्रयोगशाला पठाइएको प्रहरीले बताएको छ।

हत्यामा संलग्न अरु चाँडै पक्राउ पर्ने र केही व्यक्तिलाई अनुसन्धान दायरामा ल्याइएका कारण हत्यारालाई पत्ता लगाएर कारवाही गरिछाड्ने उदयपुरका प्रहरी प्रमुख सुवासचन्द्र बोहोराले प्रतिबद्धता गर्नुभएको छ।

# टेलिफोन र इन्टरनेट सेवा प्रभावकारी बनाउन समितिको निर्देशन

काठमाडौं, २७ साउन (रासस)।

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिले टेलिफोन र इन्टरनेट सेवा प्रभावकारी बनाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिएको छ।

समितिको सिंहदरबारमा बुधबार बसेको बैठकमा समितिका सभापति कल्याणीकुमारी खड्काले समितिका सदस्यबाट आएको सल्लाह सुझाव मनन गर्दै टेलिफोन र इन्टरनेट सेवा चाँडोभन्दा चाँडो भरपर्दो बनाउन मन्त्रालयलाई निर्देशन दिनुभएको हो।

सो अवसरमा उहाँले निर्माण तथा संशोधनका क्रममा रहेका ऐन कानूनसम्बन्धी विधेयक तत्काल सदनमा पेश गर्नसमेत नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देश गर्नुभयो। सूचना तथा प्रविधिको उपयोगलाई बढीभन्दा बढी विश्वसनीय, सुरक्षित र पहुँचयोग्य बनाउन सूचना प्रविधिको क्षेत्रमा तीव्र विकास र विस्तारका सन्दर्भमा विद्यमान ऐन नियमलाई परिस्कृत गरी वर्तमान आवश्यकता अनुरुप परिमार्जन गर्न एवं परिवर्तित सन्दर्भमा सम्पूर्ण कार्यालयलाई डिजिटल गर्ने प्रक्रिया तत्काल अघि बढाउन नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई समितिले सुझाव दिएको छ।

यस्तै मोबाइल प्रयोगबाट हुने गरेको अवैध कार्य रोक्ने प्रक्रिया प्रभावकारी रुपमा कार्यान्वयन गर्न समितिले मन्त्रालयको ध्यानाकर्षण गरेको छ। यसैगरी देशभरका हुलाक कार्यालय व्यवस्थित र प्रभावकारी बनाउनसमेत समितिले मन्त्रालयलाई निर्देशन दिएको छ। यसअघि बैठकमा भाग लिँदै समितिका सदस्य रामबहादुर विष्टले दुर्गम भेगका टेलिफोन सेवा अझै प्रभावकारी बन्न नसकेको गुनासो गर्नुभएको थियो।

सुदूरपश्चिमको पहाडी भेगमा रेडियो नेपालको सेवा भरपर्दो र प्रभावकारी बन्न नसकेको यथार्थ सुनाउनुभयो। "इन्टरनेट सेवा नभइ नहुने भएकाले निःशुल्क गर्नुपर्छ", उहाँले भन्नुभयो।

यस्तै समितिका सदस्य केदार सिग्देलले सूचना महामार्ग निर्माणको काम अलपत्र परेको, फाइबर बिछ्याउने काममा ढिलाइ भएको, फोर जी सेवा विस्तार हुन नसकेको, हुलाकमा कर्मचारी भए पनि काम नभएको, ताररहित शहर बनाउने योजना योजनामै सीमित बनेको तथा दुर्गममा मात्र नभई सुगम क्षेत्रमासमेत रेडियो नेपालको सेवा प्रभावकारी बन्न नसकेको बताउनुभयो।

समितिका अर्का सदस्य गणेश पहाडीले कोरोना महामारीका बेला विद्यालयमा इन्टरनेट सेवा पुऱ्याउन नसकेको, दुर्गममा मात्र होइन सुगममा पनि सबै क्षेत्रमा टेलिफोन सेवा भरपर्दो बन्न नसकेको, ग्रामीण दूरसञ्चार कोषको रकम प्रयोग गरी अप्टिकल फाइबर विस्तार गर्ने काम समयमै हुन नसकेको र सेक्युरिटी प्रिन्टिड प्रेसको काम अघि नबढ्नुको कारणबारे मन्त्रालयसित जवाफ माग्नुभएको थियो।

यसैगरी समितिका सदस्य सञ्जयकुमार गौतमले नेपाल टेलिकमको सेवा भरपर्दो बनाउनुपर्ने, टेलिफोनको महसुलतामा एकरुपता ल्याउनुपर्ने तथा हुलाक सेवा प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। समितिका अर्का सदस्य रङ्गमती शाहीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ध्यान कर्णाली क्षेत्रमा पुग्न नसकेको गुनासो गर्नुभयो।

"रुखमा चढेर फोन गर्नुपर्ने बाध्यता अझै विद्यमान छ", उहाँले भन्नुभयो। उहाँले हुम्लामा रेडियो नेपालको समाचारदाता राख्न माग गर्नुभयो। "समाचारदाता नै नहुँदा हुम्लाका समस्याबारे सिंहदरबार जानकार छैन", सांसद शाहीले भन्नुभयो।

यस्तै समितिका सदस्य टेकबहादुर बस्नेतले 'नागरिक एप' प्रभावकारी बनाउन सुझाव दिनुभयो। उहाँले सल्यानको ग्रामीण भेगमा टेलिफोन सेवाबाट वञ्चित हुनुपरेको गुनासो सुनाउनुभयो। समितिको छलफल कार्यक्रममा सहभागी भएका सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका निमित्त सचिव डिल्लीराम शर्माले समितिबाट प्राप्त सुझाव, सल्लाह तथा निर्देशनको पालना गर्दै मन्त्रालयको काम कारवाही अघि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो। "तत्काल गर्न सकिने काम अहिले नै गर्छौं, नीतिगत रुपमा गर्नुपर्ने कामलाई चाँडै अघि बढाउँछौं", उहाँले भन्नुभयो। मौजुदा ऐनले सबै कुरा नसमेट्ने भएकाले आधारभूत कानून नबन्दा काम गर्न कठिनाइ भएको निमित्त सचिव शर्माको भनाइ थियो।

हुलाक सेवालाई थप प्रभावकारी बनाउँदै लैजाने मन्त्रालयको योजना रहेको सो अवसरमा उहाँले समिति समक्ष जानकारी दिनुभयो। तत्कालीन र दीर्घकालीन रुपमा गर्ने काम कारवाही मन्त्रालयले अघि बढाउने उहाँले बताउनुभयो। त्यसअघि निमित्त सचिव शर्माले मन्त्रालयको प्रमुख कार्यप्रगति तथा आगामी कार्ययोजनाको प्रतिवेदन समितिको बैठकमा प्रस्तुत गर्नुभएको थियो।

## आगलागीबाट आठ पसल जलेर नष्ट

इनरुवा, २७ साउन (रासस)।

सुनसरीको धरान-२ स्थित घण्टाघरको पछाडि गए राति भीषण आगलागी भएको छ। स्थानीयवासी सुरेन्द्र राईको घरमा आगलागी भएको हो। आगलागीका कारणले राईको घरमा भाडा लिएर व्यवसाय गर्दै आएका चार जनाको आठवटा पसल जलेर नष्ट भएको सुनसरीका प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिनुभयो।

आगलागीमा परेर खुसी मगरको कस्मेटिक तथा रेडिमेड कपडा पसल, मनिता साहको रेडिमेड कपडा पसल, सति राईको कस्मेटिक तथा रेडिमेड कपडा पसल, कोपिला श्रेष्ठको कस्मेटिक तथा रेडिमेड कपडा पसल र विनय लिम्बूको होटल पूर्णरूपले जलेर नष्ट भएको प्रहरी नायब उपरीक्षक कार्कीले बताउनुभयो। आगलागीका कारण र क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।धरान उपमहानगरपालिकाबाट गएको वारुणयन्त्र, प्रहरी र स्थानीयवासीको सहयोगमा आगो निभाइएको थियो।

### *सेनाको गाडीको ...*

उदयपुरको प्रदेश नं. ३-०१-००१ ग ३९२५ नं. सेनाको वन्टेन गाडी र विपरित दिशाबाट जादै गरेको मे.१च. ६९२५ नं. को पिक अप गाडी एक-आपसमा ठक्कर खाँदा पिकअप चालक झापा जिल्लाको दमक नगरपालिकाका ४२ वर्षिय मेघराज शर्माको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यस्तै सो दुर्घटनामा पिकअपका सहचालक सुनसरी ईटहरी नगरपालिका ५ बस्ने ५२ वर्षिय भवानी र सेनाको गाडीमा सवार खोटाङ मभुवागढी नगरपालिका १० बस्ने ४२ वर्षिय १८ नं. बाहिनी उदयपुरमा कार्यरत जमदार जिवन गरी घाइते भएका छन्।

यता प्रहरीले सेनाको गाडी र चालकलाई नियन्त्रणमा लिएको तथा मृतकको शव कानुन बमोजिम कानुनी प्रकृया अगाडी बढाएको तथा घट्ना सम्बन्धमा थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

## ट्र्याक्टर पल्टिँदा एकको मृत्यु

लहान, २७ साउन (रासस)।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत सिरहाको धनगढीमाई नगरपालिका-७स्थित गागन खोला नजिकै बुधबार बिहान ट्र्याक्टर पल्टिँदा एक युवकको मृत्यु भएको छ।

नम्बर मेटिसकेका ट्र्याक्टर पल्टिँदा ट्र्याक्टरमा सवार सिरहाको गोलबजार नगरपालिका- ५ का ३० वर्षीय अरुण यादवको मृत्यु भएको प्रहरीले जनाएको छ। यादव ट्र्याक्टर मजदुरको रूपमा काम गर्ने बताइएको छ।

ट्र्याक्टर अनियन्त्रित भई पल्टिएको हुनसक्ने प्रहरीको अनुमान छ। ट्र्याक्टरका चालक र ट्र्याक्टर धनी फरार रहेकाले उनीहरूको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ। शव परीक्षणका लागि लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

## लुम्बिनीमा नयाँ सरकार गठनका लागि आह्वान

काठमाडौं, २७ साउन (रासस)।

लुम्बिनीमा प्रदेश प्रमुख अमिक शेरचनले नयाँ सरकार गठनका लागि बुधबार आह्वान गर्नुभएको छ।

मुख्यमन्त्री शंकर पोखरेलले राजीनामा दिएपछि प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधारा २ बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्री नियुक्त गर्ने प्रयोजनका लागि यही साउन २८ गते ३ बजेभित्र दाबी पेश गर्न प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दललाई सरकार गठनका लागि आह्वान गर्नुभएको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता चिरञ्जीवी पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा उल्लेख छ।




# विश्व समाचार

## अफगानिस्तानका प्रमुख शहर तालिबानको कब्जामा

बेइजिङ, २६ साउन (रासस/सिन्ह्वा)।

तालिबान लडाकू समूहले अफगानिस्तानको अर्को प्रान्तीय राजधानी फराह शहर कब्जामा लिएको छ। अफगानिस्तानको पश्चिमी प्रान्त फराहको प्रान्तीय राजधानी फराह शहर कब्जामा लिएको तालिबान समूहले दाबी गरेको छ। गत चार दिनको अवधिमा तालिबानले प्रान्तीय राजधानी कब्जामा लिएको यो सातौँ हो। अफगानिस्तानको सुरक्षामा द्रुतरुपमा देखिएको गिरावट मुख्यतया अमेरिकी सेनाको हतारमा भएको फिर्तीका कारण भएको देखिएको छ।

यता अमेरिकी राष्ट्रपतिले सेना फिर्ता गरेकोमा पछुतो नभएको बताउनु भएको छ। अफगानिस्तानमा तालिबानले लगातार एकपछि अर्को शहर नियन्त्रणमा लिइरहेका बेला अमेरिकी राष्ट्रपति जो बाइडेनले उक्त देशबाट अमेरिकी फौज फिर्ता गर्ने आफ्नो निर्णयप्रति पछुतो नभएको बताउनु भएको हो। यद्यपि बाइडेनले अफगानिस्तानका लागि सङ्घर्ष गर्नका लागि अफगान नेतालाई एक हुन आह्वान गर्नुभएको छ। बीस वर्षपछि अमेरिकी नेतृत्वको विदेशी फौजले अफगानिस्तान छाडेपछि त्यहाँ देशैभरि हिंसा बढेको छ।

तालिबानले देशका ३४ वटा प्रान्तीय राजधानीमध्ये कम्तीमा सात वटालाई नियन्त्रणमा लिइसकेको छ। अन्य शहरलाई पनि नियन्त्रणमा लिने प्रयासका साथ तालिबान समूहले लडाइँ जारी राखेको छ। अमेरिकी राष्ट्रपति बाइडेनले ह्वाइट हाउसमा संवाददातासँग कुरा गर्दै अमेरिकाले अफगानिस्तानसँग गरेका प्रतिबद्धता पूरा गरेको बताउनु भएको छ।

## बेलायतमा कोरोनाबाट पाँच महिनापछि सबैभन्दा धेरै मृत्यु

लन्डन, २७ साउन (रासस/सिन्ह्वा)।

कोरोना महामारीमा थप शक्तिशालीरुपमा देखापरेको 'इन्डियन कोभिड भेरिएन्ट'को सङ्क्रमण बेलायतमा पछिल्ला केही हप्तामा तीव्ररुपमा बढ्न थालेको छ। यहाँका अधिकारीले दिएको जानकारीअनुसार बेलायतमा पाँच महिनापछि सबैभन्दा धेरै नागरिकको कोभिडका कारण निधन भएको बताइएको छ।

यहाँ गएको २४ घन्टामा १४६ जनाको यो सङ्क्रमणबाट निधन भएको छ। यो संख्या गएको मार्चको १२ तारिखपछिकै सबैभन्दा धेरै हो। उता अधिकारीले गत हप्ताको तुलनामा यसको सङ्क्रमण दुई गुणाले बढेको तथ्याङ्कले देखाएको बताएका छन्। बेलायती स्वास्थ्य मन्त्रालयले मंगलबारमात्र यहाँ २४ घन्टामा १४६ जनाको कोरोनाका कारण ज्यान गएको बताएको छ।

यो समेत गरी यहाँ अहिलेसम्म कोरोना भाइरसबाट एक लाख ३० हजारभन्दा बढीको ज्यान गएको छ। यहाँ पछिल्लो समयमा मृत्युको संख्या बढ्न थालेको बताइएको छ। कोरोनाविरुद्धको खोपका कारण इन्डियन भेरिएन्टबाट सुरक्षित हुन सतर्कता अपनाउन यहाँको सरकारले भनिरहेको छ। यहाँ सङ्क्रमणको दर पनि बढ्दै गएको देखिएको छ।

स्वास्थ्य अधिकारीले गएको २४ घन्टामा यहाँ २३ हजारभन्दा बढीमा कोरोनाको सङ्क्रमण देखिएको छ। यो समेतगरी अहिलेसम्म यहाँ यो सङ्क्रमणबाट ६१ लाखभन्दा बढी सङ्क्रमित भएका छन्। बेलायत सरकारले कोरोना विरुद्धको खोप कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको छ।

## भारतमा २४ घण्टामा ३८ हजारभन्दा बढी सङ्क्रमित थप

नयाँदिल्ली, २७ साउन (रासस/एएनआई)।

भारतमा कोरोना भाइरसबाट एकैदिनमा थप ३८ हजार ३५३ जना सङ्क्रमित भएका स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले बुधबार जानकारी दिएको छ। मन्त्रालयका अनुसार अहिले भारतमा सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या तीन लाख ८६ हजार ३५१ रहेको छ। सरकारी अधिकारीले दिएको जानकारीअनुसार सक्रिय सङ्क्रमितको यो संख्या १४० दिनयताकै सबभन्दा कम हो।

थपिएका सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढी भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या घटेको हो। पछिल्लो एक दिनमा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ४० हजार १३ रहेको छ। योसँगै भारतमा अहिलेसम्म तीन करोड १२ लाख २० हजार ९८१ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। कूल सङ्क्रमितमध्ये अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको सङ्ख्या ९७.४५ प्रतिशत हो।

भारतमा अहिलेसम्म कूल सङ्क्रमितको सङ्ख्या तीन करोड २० लाख ३६ हजार ५११ पुगेको सरकारी अधिकारीले बुधबार जानकारी दिएका छन्। भारतमा कोरोना भाइरसका कारण पछिल्लो एक दिनमा ४९७ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कूल मृतकको सङ्ख्या चार लाख २९ हजार १७९ पुगेको छ।

भारतमा कोरोना शुरु भएबाट हालसम्म ४८ करोड ५० लाख ५६ हजार ५०७ व्यक्तिको कोरोना भाइरस परिक्षण भएको छ। हिजो मङ्गलबार एकै दिनमा १७ लाख ७७ हजार ९६२ व्यक्तिको कोरोना भाइरस परिक्षण भएको थियो। भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप शुरु भएको थियो। सो समयदेखि हालसम्म कोरोना भाइरसविरुद्धको ५१ करोड ९० लाख डोज खोप लगाइएको छ।

# जसपा परित्याग गरि एक दर्जन व्यक्ति माओवादी केन्द्रमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, २७ साउन ।**

जनता समाजवादी पार्टी परित्याग गरि एक दर्जन व्यक्ति बुधबार नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन् ।

राजविराज वडा नं. ७ मा आयोजित पार्टी प्रवेश कार्यक्रममा तत्कालिन संघीय समाजवादी पार्टीबाट वडा नं. ७ को अध्यक्ष पदका प्रत्यासी रामप्रित मण्डल लगायत सोही पार्टी आवद्ध एक दर्जन व्यक्तिहरु माओवादी केन्द्रमा प्रवेश गरेका हुन् ।

नवप्रवेशीहरुलाई माओवादी केन्द्रका केन्द्रिय सदस्य एवं जिल्ला अध्यक्ष अशोककुमार मण्डल तथा प्रदेश सदस्य महेश यादवले माला तथा टिका लगाई पार्टी प्रवेश गराएका छन् ।

सोही कार्यक्रममा वडा नं. ६ का शंकर प्रसाद साह, वडा नं. ७ का अरुण कुमार देव, गणेश श्रेष्ठ, मिश्रिलाल साह, सरस्वती देवी साह, विष्णुमाया विश्वकर्मा, शैलेन्द्र प्रसाद साह, सुरेश साह, रिदेश्वर पाण्डिया लगायत माओवादी केन्द्रमा प्रवेश गरेको जनाइएको छ ।

पार्टीका जिल्ला सदस्य रामगमन साहको अध्यक्षतामा आयोजित पार्टी प्रवेश कार्यक्रममा प्रदेश सदस्य छेदी रजक, भुपेन्द्र यादवलगायतकाको उपस्थिति रहेको थियो ।

यस्तै माओवादी केन्द्रले राजविराज वडा नं. ६ मा ५१ सदस्यीय वडा कमिटि समेत गठन गरेको छ । सो कमिटिको अध्यक्षमा मनोज यादव र सचिवमा रेहना खातुन रहेको जिल्ला सदस्य रामगमन साहले जानकारी दिए ।

# आन्द्रा र कलेजो बाहिर निस्किएको शिशुको शल्यक्रिया सफल

धरान, २७ साउन (रासस) ।

जन्मँदै आन्द्रा र कलेजो पेटबाहिर निस्किएको एक शिशुको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको शल्यक्रिया सफल भएको छ । भोजपुरको दावा प्राथमिक स्वास्थ्य केन्दमा जन्मिएका सिद्धेश्वर गाउँपालिका-४ मान्द्रेका सन्ध्या विकको शिशुलाई गत असार २१ गते प्रतिष्ठानमा भर्ना गरिएको थियो ।

शिशुलाई एक महिनासम्म एनआईसीयूमा राखेर प्रतिष्ठानका डा राजेश साहको टोलीले शल्यक्रिया गरी बाहिर निस्किएको आन्द्रा र कलेजो मिलाएको थियो । बाह्र हजार शिशुमध्ये एकजनामा यस्तो समस्या आउने डा साहले बताउनुभयो । "विभिन्न कारणले जन्मनुभन्दा अगाडि पेट राम्ररी नबनेको बच्चा जन्मँदा यस्तो समस्या आउने गर्छ । यसलाई ग्यास्ट्रोजचेसिज भनिन्छ", उहाँले भन्नुभयो ।

शिशुको नाइटोबाट पूरै आन्द्रा बाहिर निस्किएकामा १५ दिनसम्म प्लाष्टिकको ब्यागमा हालेर एनआईसीयूमा राखी शल्यक्रिया गरिएको थियो । जन्मँदा नानीको स्वरुप नै बिग्रिएको थियो शल्यक्रियापछि राम्रो भएको शिशुका बुबा नवराज परियारले बताउनुभयो । शल्यक्रियापछि घाउ पाकेकाले बुधबार चिकित्सकको सल्लाहअनुसार 'फलोअप'मा राखिएको छ ।

पाँच वर्षअघि डा राजेश यस प्रतिष्ठान आएपछि यस्ता जटिल प्रकृतिका बच्चाको उपचार सहज र सुलभमा हुँदै आएको छ । यसअघि भारत तथा काठमाडौँका महँगो अस्पतालमा यस्ता बिरामीको उपचार गराउँदा लाखौँ रकम खर्च हुने गर्थ्यो तर प्रतिष्ठानले भने शल्यक्रिया शुल्क १३ हजार मात्र लिँदै आएको छ । औषधि तथा अन्य सबै गरेर रू ५० हजारमा उपचार हुँदै आएको छ ।

# माइकमा करेन्ट प्रवाह हुँदा दुई किर्तनमण्डलीको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, २७ साउन ।**

धनुषामा भजनकीर्तन भइरहेका बेला माइकमा करेन्ट प्रवाह भई दुई कीर्तनमण्डलीको ज्यान गएको छ ।

मृत्यु हुनेमा जिल्लाको लक्ष्मीनिया गाउँपालिका ३ निवासी ५५ वर्षीय विन्दा दास र ५० वर्षीय मनिराम यादव रहेको प्रहरीले जनाएको छ ।

जिल्लाको क्षीरेश्वरनाथ नगरपालिका ३ पर्साटोलका बुलन यादवको घरमा मंगलबार भइरहेको भजनकीर्तनमा माइकमा करेन्ट प्रवाह हुँदा दुई जनाको घटनास्थलमै मृत्यु भएको हो ।

यता घटना विषयमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय महेन्द्रनगरले जनाएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो ।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन् ।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ । मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ । कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ । यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस ।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस् ।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११९५ मा फोन गर्न सकिन्छ ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहि हुनुपर्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेबसाइट : *rajbirajdainik.com.np*